# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, फागुन २३ गते २०५६ साल (संख्या ४६

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ९ को उपदफा (३क) ले दिएको अधिकार प्रयोग गरी देहायका क्षेत्रहरूका लागि प्रतिमहिना प्रति वर्गफूट देहाय बमोजिमको न्यूनतम घर बहाल रकम तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

क) १ नं. क्षेत्र कर कार्यालय गौशाला अन्तर्गतका तोकिएको निम्न बमोजिम प्रति वर्ग फूट न्यूनतम घर बहाल रकम (सडकको दायाँ बायाँ):–

| | |
|---|---|
| (१) बबरमहल धोबिखोलादेखि नयाँ बानेश्वर चोकसम्म | रू. २५।– |
| (२) नयाँ बानेश्वर चोकदेखि उत्तर रत्नराज्य स्कूलसम्म | रु. २०।– |
| (३) रत्नराज्य स्कूलदेखि पुरानो बानेश्वर चोकसम्म | रू. १५।– |
| (४) मैतिदेवी धोबिखोलादेखि पुरानो बानेश्वर चोकहुँदै चाबहिलसम्म | रू. २०।– |
| (५) चावहिल चोकदेखि वौद्ध हुँदै जोरपाटी वस विसौनीसम्म | रू. १५।– |
| (६) पुरानो बानेश्वर चोकदेखि सिनामङ्गल चोकसम्म | रू. १५।– |
| (७) नयाँ बानेश्वर चोकदेखि कोटेश्वर चोकसम्म | रू. १५।– |
| (८) कोटेश्वर तीनकुने गौशाला चोकसम्मको चक्रपथको भाग | रू. १५।– |
| (९) चक्रपथ गोपीकृष्ण सिनेमा हलदेखि चाबहिल चोकसम्म | रू. १५।– |

आधिकारिकता प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(१०) धोविखोलादेखि पूर्व नयाँ बानेश्वर चोकदेखि पुरानो बानेश्वर चोक सम्मको सडक र सो सडकदेखि पश्चिमभित्रपट्टि एयरपोर्ट जाने नयाँ सडक (एभरेष्ट) होटलदेखि उत्तरसम्म, मैतीदेवी धोवीखोलादेखि एयरपोर्ट जाने पुरानो बाटो (पुरानो बानेश्वर चोक) सम्म र पुरानो बानेश्वर चोकदेखि दक्षिण भित्रपट्टि पर्ने थापागाउँ बानेश्वर हाईट क्षेत्रको सहायक सडक रू. १०।–

(११) नयाँ बानेश्वर चोकदेखि पुरानो बानेश्वर चोक जाने सडक भन्दा पूर्व, चक्रपथ, सिनामङ्गलदेखि पश्चिम, पुरानो बानेश्वर चोक र एयरपोर्ट जाने सडकदेखि दक्षिण एवं नयाँ बानेश्वर चोक र एयरपोर्ट जाने सडकदेखि उत्तर यति ४ किल्ला क्षेत्रभित्र पर्ने (अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, सार्की गाउँ, सहकारी प्रशिक्षण केन्द्र आदि क्षेत्र र भिमसेनगोला) क्षेत्रको सहायक सडक रू. १०।–

(१२) बबरमहल, धोविखोलादेखि पूर्व कोटेश्वरबाट लगनखेल जाने चक्रपथदेखि पश्चिम, बागमती नदीदेखि उत्तर, एयरपोर्ट जाने नयाँ सडकदेखि दक्षिण कोटेश्वर चौबाटोबाट भक्तपुर जाने ट्रली मार्गदेखि दक्षिणतर्फको बाँकी भागको सडक रू. १०।–

(१३) मैतिदेवी धोविखोलादेखि पूर्व, चक्र पथ गोपिकृष्ण हलदेखि दक्षिण, एयरपोर्ट जाने पुरानो सडकदेखि उत्तर, पुरानो बानेश्वर चोकबाट चावहिल चोक जाने मूल सडकदेखि पश्चिम भित्रपट्टि (बत्तिसपुतली भण्डारखाल जयबागेश्वरी सिफल) क्षेत्रको सहायक सडक रू. १०।–

(१४) पुरानो एयरपोर्ट जाने सडकदेखि उत्तर गौशाला चोकदेखि दक्षिण, पुरानो बानेश्वर चोकदेखि चावहिल मूल सडक र सोदेखि पूर्व चक्रपथ सिनामङ्गलदेखि पश्चिम भित्रपट्टि पर्ने (बत्तिसपुतली, द्वारिकाज भिलेज होटलदेखि पूर्व पट्टिका) क्षेत्रको सहायक सडक रू. १०।–

(१५) गोकर्ण बौद्ध, जोरपाटी, नयांपाटी, सुन्दरीजल, थली र साँखु मूल सडकमा जोडिने सहायक सडक रू. ५।–

ख) २ नं. क्षेत्र कर कार्यालय बबरमहल अन्तर्गत तोकिएको निम्न बमोजिमको प्रति वर्गफूट न्यूनतम घरबहाल रकम (सडकको दायाँबायाँ):–

(१) राजदरबारको दक्षिण मूल ढोकाबाट दक्षिणतर्फ दरबार मार्ग हुँदै श्री५ महेन्द्रको सालीकसम्म रू. ४५।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९८

(२) श्री ५ महेन्द्रको सालीकदेखि दक्षिण घण्टाघर हुँदै रत्न पार्कको चौबाटोसम्म रू. ३५।–

(३) रत्नपार्कको चौबाटो (असनजाने)देखि उत्तर कमलादी मोड हुँदै केशरमहलको ढोकासम्म रू. ३५।–

(४) रामशाहपथ पद्मोदय मा.वि. बाट उत्तर पुतली सडक-कमलादी गणेश जाने मोड-कृष्ण पाउरोटी भण्डार अगाडिको मोडबाट हात्तिसार हुँदै जयनेपाल चित्रघर सिनेमा हलसम्म रू. ३०।–

(५) तीनधारा पाठशालादेखि पूर्व बैङ्क अफ काठमाडौं हुँदै कृष्ण पाउरोटी जाने मोडसम्म र सो बाटोबाट दक्षिणतर्फ कमलादी गणेशस्थान जाने बाटोसम्म रू. ३०।–

(६) तीनधारा पाठशालादेखि पश्चिम, विश्वज्योति सिनेमा हल हुँदै रानी पोखरी चौबाटोसम्म रू. ३०।–

(७) घण्टाघरदेखि पूर्व कमलादी गणेशस्थान हुँदै अमेरिकी राजदूतको निवास-स्थानसम्म रू. ३०।–

(८) त्रिपुरेश्वर श्री ५ त्रिभुवनको सालीकदेखि पूर्व थापाथली चौबाटोसम्म दायाँ बायाँ रू. २५।–

(९) नागपोखरीको चौबाटोदेखि पश्चिम जयनेपाल चित्रघर हुँदै राज-दरबारको दक्षिण मूलढोकासम्म रू. २५।–

(१०) थापाथली चौबाटोबाट उत्तर रामभण्डार, माइतिघर हुँदै सिंह-दरबारको मूल ढोकासम्म रू. २५।–

(११) रामशाह पथको चौबाटोबाट पश्चिम बागदरबार हुँदै रत्नपार्क (असन जाने) चौबाटोसम्म रू. २५।–

(१२) मैतिदेखि चोकदेखि पूर्व धोबिखोला पुलसम्म रू २५।–

(१३) रामशाहपथ पद्मोदय मा.वि. बाट पश्चिम राष्ट्रिय सभा गृहसम्म रू. २५।–

(१४) रामशाह पथबाट पश्चिम शङ्करदेव क्याम्पस हुँदै पुरानो बसपार्कसम्म रू. २०।–

(१५) डिल्लीबजारबाट उत्तर चारखाल कमलपोखरी चोक हुँदै नक्साल भगवती बाहालसम्म रू. १५।–

(१६) कृष्ण पाउरोटी भण्डारबाट पूर्व कमलपोखरी जैन मन्दिर, ज्ञानेश्वर हुँदै रातो पुल (धोबिखोला) सम्म रू. १५।–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
845

१७) रामशाह पथको चौबाटोबाट पूर्व डिल्लीबजार उकालो हुँदै मैतिदेवी चोकसम्म रू. १५।–

(१८) थापाथली चौबाटोबाट प्रशुतिगृह हुँदै बबरमहल कर कार्यालयसम्म र त्यस वरिपरिको भाग रू. १५।–

(१९) राष्ट्रिय अभिलेखालयबाट पूर्वतर्फ हनुमान स्थान हुँदै धोवीखोला पुलसम्म रू.१५।–

२०) हनुमान स्थानबाट उत्तर अनामनगर हुँदै कालिकास्थान जाने बाँस झाङ्गसम्म रू. १५।–

(२१) सिंहदरबारको मूल ढोकाबाट उत्तर पद्मोदय मा.वि.सम्म र पद्मोदय मा.वि अगाडिबाट बाँस झाङ्ग हुँदै कालिकास्थानबाट डिल्लीबजार मोडसम्म रू १५।–

(२२) कालिकास्थान पिपा गोश्वाराबाट पूर्व घट्टेकुलो हुँदै डिल्लीबजार पिपलको बोटको मोडसम्म रू. १५।–

(२३) मैतिदेवी चोकदेखि उत्तर मैतिदेवीस्थान हुँदै ज्ञानेश्वर जाने उकालोसम्म रू१५।–

(२४) ज्ञानेश्वरबाट रातोपुल जाने ओरालो बाटोदेखि उत्तर जर्मन राजदूतावास हुँदै सानोगौचरणको मोडसम्म रू. १५।–

(२५) धोविखोला कालोपुलबाट पश्चिम ज्ञानेश्वर सानो गौचरण, भगवती बाहाल हुँदै नागपोखरीको चौबाटोसम्म रू. १२।–

(२६) कमलपोखरी कुमारी मन्दिरबाट दक्षिण कुमारी चित्रमन्दिर, धोविधारा हुँदै रामशाहपथ निस्कने मोडसम्म रू. १५।–

(२७) माथि नपरेका मोटर चल्ने अन्य सबै बाँकी क्षेत्रहरूमा रू. १०।–

ग) ३ नं. क्षेत्र कर कार्यालय बबरमहल अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्गफूट न्यूनतम घरबहाल रकम (सडकको दायाँ बायाँ):–

(१) नयाँ सडक ढोकादेखि जुद्ध शमशेरको सालीकसम्म र जुद्ध शमशेरको सालीकदेखि इन्द्रचोकसम्म रू.४५।–

(२) जुद्ध शमशेरको सालीकदेखि दक्षिण नगरपालिका भवनको चौबाटोसम्म र सालीकदेखि बसन्तपुरसम्म रू. ४०।–

(३) नयाँ सडक स्थित रमा गृहदेखि दक्षिण रणमुक्तेश्वरसम्म र उत्तरतर्फ रञ्जना सिनेमा हलसम्म, नयाँ सडकदेखि उत्तर प्यूखाटोल चोक हुँदै दक्षिणतर्फ नयाँ सडकसम्म रू. ३०।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नयाँ सडक (जोशि कम्प्लेक्स) देखि खिचापोखरी डबलीसम्म र सो वरिपरिका भागहरू रू. ३५।–

(५) खिचापोखरी डबलीदेखि पश्चिम नगरपालिका चोकसम्म रू. ३०।–

(६) केशरमहल चौबाटोदेखि दक्षिणतर्फ रानीपोखरी जमल चौबाटोसम्म रू. ३५।–

(७) केशरमहल चौबाटो पश्चिम त्रिदेवी मार्ग ठमेल चोकबाट पश्चिम काठमाडौं गेष्ठ हाउससम्म र उल्लेखित ठमेल चोकबाट दक्षिणतर्फ जुद्धोदय मा. वि. जाने चौबाटोसम्म रू. ४५।–

(८) काठमाडौं गेष्ठ हाउसबाट उत्तरतर्फ सातघुम्ती पकनाजोल चौबाटो र काठमाडौं गेष्ठ हाउसबाट दक्षिण जुद्धोदय मा.वि.को मोडसम्म रू. ४०।–

(९) जुद्धोदय मा.वि. बाट क्षेत्रपाटी पिपलबोटसम्म रू. ३०।–

(१०) जुद्धोदय मा.वि. बाट पूर्व दक्षिण हुँदै ठहिटी चोकसम्म रू. ३०।–

(११) क्षेत्रपाटी चौबाटोबाट दक्षिण होटल हारती हुँदै गणेशमन्दिरसम्म रू. २५।–

(१२) रक्तकाली गणेश मन्दिरबाट काठमाडौं गणेश मन्दिरसम्म, रक्तकाली गणशमन्दिरबाट पूर्व किलागल ह्नैकन्तला हुँदै असन चोकसम्म,नरदेवी मन्दिरबाट भेडासिङ्गसम्म रू. १५।–

(१३) ईन्द्रचोक डबलीबाट अमृत भण्डार हुँदै नरदेवी मूल सडक भेट्ने चोकसम्म रू.१५।–

(१४) भेडासिङ्गबाट उत्तर नघल हुँदै ठहिटी चोकसम्म रू. १८।–

(१५) कान्तिपथबाट पश्चिम ज्याठा चोक (डेन्टल नर्सिङ्ग होम) सम्म रू.२०।–

(१६) असनबाट ज्याठा चोकसम्म रू. १५।–

(१७) ज्याठा चोकबाट उत्तर कर्मचारी सञ्चयकोष (ठमेल) सम्म रू. ३०।–

(१८) पकनाजोल चोकबाट कालधारा हुँदै शोभा भगवती, कुस्लेचौरबाट धोबिचौर हुँदै क्षेत्रपाटीसम्म रू. १२।–

(१९) क्षेत्रपाटीबाट ढल्को हुँदै विष्णुमती पुलसम्म रू. १५।–

(२०) काठमाडौं गणेश मन्दिरबाट भिमसेन स्थान हुँदै विष्णुमती पुलसम्म र गणेश स्थानबाट जैसिदेवल हुँदै टेकु चोकसम्म रू. १०।–

(२१) काठमाडौं गणेश मन्दिरबाट पूर्व बसन्तपुर हुँदै झोछें जाने सडकसम्म रू. २०।–

(२२) बसन्तपुर चोकबाट झोछें चोकसम्म, नगरपालिकाबाट झोछें चोकसम्म र धर्मपथबाट पश्चिम झोछें निस्कने सडक रू. २०।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

429

(२३) धरहराबाट भोटेवाहाल चोक हुँदै त्रिपुरेश्वर मूल सडकसम्म र भोटे-वाहाल पिपलबोटदेखि श्रोम बहालसम्म रू. १८।–

(२४) भिमसेनस्थानबाट कोहिटी हुँदै जैसिदेवलसम्म रू. १०।–

(२५) जैसिदेवलदेखि लगनसम्म रू. १०।–

(२६) भोटेवाहाल पिपलबोटबाट गणवाहाल हुँदै खिचापोखरी डबलीसम्म रू. १८।–

(२७) थापाथली चौबाटोबाट पश्चिम श्री ५ त्रिभुवनको सालिकसम्म रू. २५।–

(२८) श्री ५ त्रिभुवनको सालिकदेखि पश्चिम त्रिपुरेश्वर नेशनल ट्रेडिङ्ग लिमिटेड हुँदै विष्णुमती पुलसम्म रू. २८।–

(२९) टेकु चोकबाट नेशनल ट्रेडिङ्ग लिमिटेड, फोहरमैला व्यवस्थापन केन्द्र हुँदै पूर्व सडक डिभिजन कार्यालय, उत्तर तौल पुल डिपोसम्म र मूल सडक-बाट पक्की सडक भएका दक्षिण तर्फजाने सहायक सडकहरूमा रू. २०।–

(३०) ईन्द्रचोकदेखि पश्चिम मखन हुँदै हनुमान ढोका र सोही चोकदेखि उत्तर पूर्व मछिन्द्रनाथ अगाडिको मन्दिरसम्म र ईन्द्र चोकदेखि भेंडासिङ्गसम्म रू. २८।–

(३१) दूर सञ्चार संस्थानको क्षेत्रीय कार्यालय (सुन्धारा) देखि खिचापोखरी डबलीसम्म रू. २०।–

(३२) वीर अस्पतालको उत्तर पूर्व कुनादेखि महाबौद्ध मन्दिरको चौबाटोसम्म रू. २५।–

(३३) भोटाहिटी चोक (दरबार हाई स्कूल) देखि असनसम्म रू. २४।–

(३४) असनबाट सेतो मछिन्द्रनाथ सम्म, असनबाट त्यौड चोकसम्म, असन बाट महाबौद्ध गणेश मन्दिर हुँदै नयाँ सडक चोक (घरेलु शिल्पकला बिक्री भण्डार) सम्म रू. २०।–

(३५) ईन्द्रचोकदेखि वटु रत्न फिडसम्म रू. २५।–

(३६) वटुदेखि नौमुगल गल्ली फशिकेव हुँदै प्युखा भोसिको टोलसम्म रू. २५।–

(३७) प्युखा चोकदेखि गुच्चा टोल हुँदै रत्न फिड र त्यहाँबाट महाबौद्ध गणेश मन्दिरसम्म रू. २५।–

(३८) क्षेत्रपाटी चिकित्सालयबाट पश्चिम भुरुङ्खेल जाने बाटोसम्म रू. १०।–

(३९) पकनाजोल चोकदेखि क्षेत्रपाटी पिपलको बोटसम्म दायाँ बायाँ रू. १५।–

(४०) त्रिपुरेश्वर स्थित श्री ५ त्रिभुवन वीर विक्रमको सालिकदेखि उत्तर नागस्थान, बीर अस्पताल हुँदै राष्ट्रिय नाचघरसम्म रू. ३५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४१) सुन्धारा टक्सारदेखि सञ्चयकोष र आर, एन. सी. पछाडि हुँदै नयाँसडक निस्कने टेबहालसम्म रू. २०।–

(४२) त्यौड चोकदेखि ठहिटी चोकसम्म रू. १८।–

(४३) नरदेवी मन्दिरदेखि पश्चिम नरदेवी अस्पताल हुँदै विष्णुमतीसम्म रू. १०।–

(४४) माथि नपरेका मोटर चल्ने अन्य सबै बाँकी क्षेत्रहरूमा रू. १०।–

घ) ४ नं. क्षेत्र कर कार्यालय कुलेश्वर अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्गफूट घरबहाल रकम (सडकको दायाँ बायाँ):–

(१) टेकु पश्चिम विष्णुमती पुलबाट कालीमाटी चौबाटो खरिको बोटसम्म रू. २५।–

(२) कालीमाटी चौबाटोदेखि पश्चिम सोल्टी होटल जाने मूल सडकसम्म र सोही चौबाटोदेखि दक्षिण हुँदै बल्खु चोकसम्म रू. २०।–

(३) कलङ्की स्थान र सोको आसपास क्षेत्र तथा बालाजु चक्रपथ र आसपास रू. १८।–

(४) कालीमाटी श्री ५ महेन्द्रको सालिकबाट टङ्केश्वर हुँदै महेन्द्ररत्न क्याम्पससम्म सडकको दुबैतर्फ रू. १०।–

(५) कीर्तिपुर नगरपालिकाका नयाँ बजार र बाहिरी क्षेत्र रू. १०।–

(६) सोल्टीमोड चौबाटोदेखि रविभवन जाने मोड र रविभवन जाने मोडदेखि कलङ्की स्थान हुँदै कलङ्की चोकसम्म रू. १५।–

(७) बल्खुचोकदेखि बालाजु गुणस्तर कार्यालय जाने मोड (कलङ्की स्थान र सो आसपासको क्षेत्र तथा बालाजु चक्रपथ र आसपासको क्षेत्र बाहेक) रू. १०।–

(८) महेन्द्ररत्न क्याम्पस हुँदै छाउनी सीतापाइला चोकसम्म स्वयम्भू भगबानपाउबाट बिजेश्वरी चौमती तथा भगवान पाउबाट बनस्थली चोकसम्म रू. १०।–

(९) ताहाचल, वाफल, नयाँबस्ती सडक रू. १०।–

(१०) त्रिभुवनराजपथको ढुङ्गा अड्डाको जयश्री गणेश आयलस्टोरदेखि वाड भञ्ज्याङ्गसम्म रू. १०।–

(११) कलङ्की चोकदेखि त्रिभुवन राजपथको ढुङ्गा अड्डाको जयश्री गणेश आयल स्टोरसम्म रू. १०।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) बालाजु चक्रपथ चोक र सोको आसपासको क्षेत्रदेखि बालाजु औद्योगिक क्षेत्र हुँदै बालाजु उद्यान र बालाजु उद्यान हुँदै एटी. गुल्म जाने मोड हुँदै नागार्जुन प्रवेश गर्ने स्थानसम्म रू. १०।–

(१३) माथि नपरेका गा.वि.स. क्षेत्रहरू रू. ४।–

(१४) कीर्तिपुर नगरपालिकाको नयाँबजार र बाहिरी क्षेत्रको सडक क्षेत्रमा नपरेका तर सो क्षेत्रसँग जोडिएको अन्य क्षेत्रका लागि सँगैका क्षेत्रमा तोकिएको ३० (तीस) प्रतिशत छूट दिई न्यूनतम दर तोक्ने।

(१५) माथि उल्लिखित बाहेकका क्षेत्रहरूमा रू. १०।– प्रति वर्गफूटले कायम गर्ने।

ङ) ६ नं. क्षेत्र कर कार्यालय,महाराजगञ्ज अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्ग फूट न्यूनतम घर बहाल रकम (सडकको दायाँ बायाँ):–

(१) केशरमहल चोकदेखि ठमेलचोक सातघुम्तीहुँदै पकनाजोल चोकसम्मको मल सडकको बायाँतर्फको घरहरूमा रू. ४०।–

(२) क्रमसंख्या १ को मूल सडक बाहेक भित्रको दायाँ बायाँ तर्फको घरहरूमा रू. २०।–

(३) केशरमहल (चोक मूल सडक)देखि पानी पोखरीसम्म बायाँतर्फ रू. १५।–

(४) पानीपोखरीदेखि प्रहरी प्रशिक्षणकेन्द्रसम्म रू. १२।–

(५) प्रहरी प्रशिक्षण केन्द्रदेखि चक्रपथ कपनमार्गतिर जाने बाटोको मोडसम्म बायाँतर्फ रू. १५।–

(६) क्रमसंख्या ५ को मूल सडक बाहेकको क्षेत्र रू. १२।–

(७) चक्रपथ कपन मार्गतिर जाने बाटादेखि बाँसबारीसम्म रू. १२।–

(८) क्रमसंख्या ७ को मूल सडक बाहेकको क्षेत्र रू. १०।–

(९) चक्रपथ चोकदेखि गोंगबु बसपार्क जाने मूल सडकको दायाँ बायाँ तर्फको घरहरूमा र पश्चिमतर्फको गा.वि.स. समेत रू. १०।–

(१०) क्रमसंख्या ९ को मूल सडक बाहेकका दायाँ बायाँ तर्फका घरहरूमा रू. ८।–

(११) सामाखुसी चोकदेखि गल्कोपाखा हुँदै लैनचौर लेखनाथ मार्गको मूल बाटोको दायाँ बायाँ रू. १२।–

(१२) क्रमसंख्या ११ को मूल सडक बाहेकको दायाँ बायाँ रू. १०।–

(१३) लैनचौर लेखनाथ मार्ग हुँदै सोह्रखुट्टेसम्मको मूल सडकको दायाँ बायाँ रू. ३०।–

(१४) सोह्रखुट्टेदेखि नयाँ बजार हुँदै बालाजुसम्म जाने मूल बाटोको दायाँ बायाँ रू. १२।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२४

(१५) क्रमसंख्या १४ को मूल सडक बाहेकको दायाँ बायाँ रू. १०।–
(१६) सोह्रखुट्टेबाट पकनाजोल चोकसम्म दायाँ बायाँ रू. २०।–
(१७) क्रमसंख्या १६ को मूल सडक बाहेकका दायाँ बायाँ रू. १५।–
(१८) धापासी, गोंगबु, विष्णु गा.वि.स. बुढानिलकण्ठ, खड्का भद्रकाली टोखा चण्डेश्वरीका सडकको दायाँ बायाँ रू. ५।–
(१९) पकनाजोल चोकदेखि कालधारा हुँदै विष्णुमती खोलासम्म रू. १२।–
(२०) सोह्रखुट्टे पारि उकालोदेखि दक्षिण ठमेल सातमोड (पूर्ण ढुङ्गेल रेष्टुरा एण्ड बार) सम्म र सोही बाटोको होटल वैशाली हुँदै पूर्वतर्फ भगवती बहालसम्म रू. ४०।–
(२१) होटल मल्ल र अस्कल क्याम्पसको बीचको बाटो हुँदै दक्षिणतर्फ सञ्चयकोष चोकसम्म रू. २५।–
(२२) गल्कोपाखा झर्ने चोकदेखि दक्षिणतर्फ ठमेल भगवती बहाल हुँदै नरसिङ्ग क्याम्पसको ढोकाबाट काठमाडौं गेष्ट हाउस जाने बाटो छुने स्थानसम्म रू. ३०।–
(२३) दुग्ध विकाससंस्थानदेखि उत्तर खानी तथा भूगर्भ विभागको पछाडिसम्मको कालोपत्रे सडक रू. १०।–
(२४) माथि नपरेका अन्य गा.वि.स. क्षेत्रहरूका सडक छेउका घरहरूमा रू. ४।–

च) ७ नं. क्षेत्र कर कार्यालय महाराजगञ्ज अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्गफूट न्यूनतम घरबहाल रकम (सडकको दायाँ बायाँ) :–

(१) केशर महल चौबाटोदेखि पानी पोखरीसम्म सडकको दायाँतर्फ रू. १५।–
(२) पानी पोखरीदेखि प्रहरी प्रशिक्षण केन्द्रसम्मको दायाँतर्फ रू. १२।–
(३) प्रहरी प्रशिक्षण केन्द्रदेखि चक्रपथ कपनमार्गतिर जाने बाटोको मोडसम्मको दायाँ बायाँतर्फ रू. १५।–
(४) क्रमसंख्या ३ को मोडबाट बाँसबारीसम्मका सडक छेउमा घरहरूमा केशरमहल चौबाटोबाट पूर्व कालो पुलसम्म र ७ नं क्षेत्र कर कार्यालय क्षेत्रभित्रका चक्रपथ र अन्य सडकसँग जोडिएका महानगरपालिका क्षेत्र रू. १२।–
(५) ७ नं. क्षेत्र अन्तर्गत महानगरपालिका क्षेत्रभित्र पर्ने सडकले नछोएका घरहरूमा रू. १०।–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५५

(६) बाँसबारीदेखि बुढानिलकण्ठसम्मका सडक छेउका गा.वि.स क्षेत्रका घरहरूमा रू. ५।–

(७) ७ नं. क्षेत्र कर कार्यालय अन्तर्गतका गा.वि.स. अन्तर्गतका अन्य घरहरू. रू. ४।–

छ) कर कार्यालय ललितपुरको क्षेत्र अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्गफूट न्यूनतम घरबहाल रकम (सडकको दायाँ बायाँ):–

(१) कुपण्डोल बागमती पुलदेखि कुपण्डोल इनारसम्म रू. २०।–

(२) कुपण्डोल इनारदेखि जाउलाखेल हुँदै लगनखेल चोकसम्म रू. १५।–

(३) मङ्गल बहजारबाट लगनखेलसम्म रू. १२।–

(४) पुल्चोकदेखि मङ्गलबजारसम्म रू. १२।–

(५) जावलाखेल चोकबाट एकान्त कुना हुँदै चक्रपथ जाने सडकसम्म रू. १०।–

(६) कुपण्डोल इनारदेखि पाटन ढोकासम्म रू. १२।–

(७) कुपण्डोल कानदेवता स्थानदेखि समिट होटलसम्म रू. १२।–

(८) लगनखेलदेखि सातदोबाटोसम्म रू. १०।–

(९) मङ्गलबजारबाट चक्रपथ ग्वार्कुसम्म रू. १०।–

(१०) कोटेश्वरदेखि बल्खु पुलसम्म (चक्रपथ) क्षेत्रको रू. १०।–

(११) पुल्चोक इञ्जिनियरिङ्ग क्याम्पसबाट सानेपा जाने बाटो रू. १०।–

(१२) चक्रपथ सातदोबाटोको पश्चिमबाट सुनाकोठी जाने बाटो रू. ८।–

(१३) समिट होटलको चौबाटोदेखि पुरानो शान्त भवन हुँदै पुल्चोकसम्म रू. ८।–

(१४) मानभवनको मूल सडकबाट जिल्ला प्रशासन कार्यालयसम्म रू. ८।–

(१५) मङ्गल बजारदेखि शङ्खमूलसम्म रू. ८।–

(१६) माथि नपरेका अन्य कालोपत्रे सडक क्षेत्रमा रू. ६।–

ज) कर कार्यालय भक्तपुर क्षेत्र अन्तर्गत तोकिएको निम्न बमोजिम प्रति वर्गफूट न्यूनतम घरबहाल रकम (सडकको दायाँ बायाँ)

(१) भक्तपुर नगरपालिका अन्तर्गत तौमढीदरबारस्क्वार क्षेत्र रू. १५।–

(२) सूर्य विनायक, कटुञ्जे, कमल बिनायक, सुकुलढोका, जगाती, नयाँ ठिमी, गठ्ठाघर, कौशलटार, दत्तात्रय, व्यासी र अन्य मूलसडक रू. १०।–

(३) जिल्लाका बाँकी अन्य क्षेत्रहरू रू. ५।–

द्रष्टव्यः–

१. उल्लिखित क्षेत्रमा समावेश नभएका कुनै स्थानको बारेमा कुनै द्विविधा परेमा नजिकको (संगैको) क्षेत्रको मूल्याङ्कनको आधारमा निर्धारण गर्ने ।

२. उल्लेखित मूलसडकबाट अन्य सहायक सडक जाने भएमा त्यस्तो सहायक सडकको मूल्याङ्कन गर्दा जोडिएको मूल सडकको दरमा १।३ (एक तिहाई) ले कम गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२८

मूल्याङ्कन गरिने छ र गोरेटो (मोटर नजाने) भएमा ५० प्रतिशत कम गरी मूल्याङ्कन गरिने छ । तर न्यूनतम दर भने सम्बन्धित क्षेत्रको लागि तोकिएको न्यूनतम दरभन्दा कम हुनेछैन ।

३. जमिनमुनि (बेसमेन्ट) मा पसल कार्यालय भए ३० प्रतिशत र गोदामको लागि भए ५५ प्रतिशत छूट दिइनेछ ।

४) भूई तल्ला बाहेक पहिलो तल्ला भए ३० प्रतिशत दोश्रो तल्ला भए ४० प्रतिशत, तेस्रो तल्ला भए ४५ प्रतिशत र सो भन्दा माथि भए ५५ प्रतिशत छूट दिईने छ । तर रेष्टुराँ तथा बारको लागि भने छुट हुने छैन ।

५. उल्लेखित दर व्यापारिक प्रयोजनको लागि लिएको जमिन तल्लाको लागि तोकिएको हो ।

६. आवास प्रयोजनको लागि भएमा:–

(क) घरजग्गा भाडामा दिई वाहाल प्राप्त गर्ने आवासशीय क्षेत्रहरूमा पनि पक्की सडक (कालो पत्रे) संग जोडिएको भए प्रतिवर्ग फुट ५।– कायम गरिएको छ।

(ख) मोटर जाने तर पक्की सडक '(कालो पत्रे) नभएको क्षेत्रहरूको लागि प्रति वर्ग फुट रु. ४।– कायम गरिएको छ ।

(ग) मोटर नजाने अन्य क्षेत्रहरूको लागि प्रतिवर्ग फुट रु. २।– कायम गरिएको छ ।

७. घरजग्गा वाहाल प्रयोजनको लागि तोकिएको मूल्याङ्कन दर वा लिखित संझौतामा उल्लेखित मूल्याङ्कन दर वा ठहरिएको मूल्याङ्कन दरमध्ये जुन बढि हुन्छ सोही दर नै कर प्रयोजनको लागि कायम गरिने छ। उपर्युक्त अनुसारको न्यूनतम दर भन्दा घटी हुने गरी सम्झौता गरेको वा भएकोमा समेत उपर्युक्त अनुसारकै न्यूनतम दर कायम गरिनेछ ।

८. श्री ५ को सरकारका कार्यालय, सरकारी र अर्धसरकारी संस्थान तथा सूचीकृत पब्लिक लिमिटेड कम्पनीहरूसंग भएको घर बहाल सम्झौता अनुसारको रकम र अन्य कम्पनीहरूको हकमा सार्वजनिक रुपले पत्रपत्रिकामा सूचना प्रकाशित गरी बोलपत्रको माध्यमबाट स्वीकृत भै सम्झौता भए अनुसारको घरबहाल रकम मान्य हुनेछ ।

खण्ड ४८, संख्या ११, मिति २०५५ साल असार १५ गते र खण्ड ४८, संख्या ४७ मिति २०५५ साल चैत्र १ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४९, संख्या १३ मिति २०५६ साल असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राख्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

"(ग) विद्युत विकास केन्द्रका सिनियर डिभिजनल इन्जिनियर

श्री राधाकृष्ण शिल्पकार सदस्य"

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
४२८